

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रजित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेन्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० वैशाख ६ गते बुधबार ❑ 19 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## वीपीको अगालेको बाटोमा हिँडौ - नेता कोइराला

पोखरापत्र संवाददाता
पोखरा, ५ वैशाख

नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम् प्रतिनिधि सभा सदस्य डा.शेखर कोइरालाले नेपाली काँग्रेस वीपी कोइरालाले प्रतिपादन गरेको विचारलाई अगालेर हिड्नु पर्नेमा जोड दिएका छन् ।

नेपाली काँग्रेस गण्डकी प्रदेशद्वारा मंगलबार पोखरामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै नेता कोइरालाले पार्टीभित्र व्यक्तिवादी चरित्र हावी हुँदा विचारको राजनीति कमजोर बन्दै गएको प्रति चिन्ता व्यक्त गरेका थिए ।

वीपीद्वारा प्रतिपादित राष्ट्रियता, प्रजातन्त्र र समाजवादको बाटोलाई नेपाली काँग्रेसले छाड्न नहुने उनको भनाई थियो । 'विचार बिनाको राजनीतिबाट कुनै गन्तव्यमा पुग्न सकिदैन, उनले भने-पार्टीको आउँदो १५ औं महाधिवेशनबाट नेपाली काँग्रेसलाई भ्रष्टाचारमुक्त पार्टी, जनताप्रति उत्तरदायी र जवाफदेही पार्टीको रुपमा विकास गर्नु पर्छ ।'

'नेपाली काँग्रेस प्रजातन्त्र प्रति विश्वास राख्ने पार्टी हो, काँग्रेस प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायलय, मानव अधिकार, व्यक्ति स्वतन्त्रता प्रति सधैं प्रतिबद्ध र यि कुरामा कसैसँग सम्फौता गर्दैन, उनले भने- नेपाली काँग्रेसको विचारलाई गाउँगाउँसम्म पुऱ्याएर




आम युवा तथा महिलालाई नेपाली काँग्रेसप्रति आकर्षित गर्न जरुरी छ ।' तनहुँको उपनिर्वाचनको प्रचारप्रसारमा पुगेर फर्किएका डा. कोइरालाले तनहुँमा नेपाली काँग्रेसका उम्मेदवार गोविन्द भट्टराई निर्वाचन जित्ने दावी समेत गरे । राष्ट्रिय स्वतन्त्र पार्टीबाट तनहुँमा उम्मेदवार बनेका स्वर्णिम वाग्लेलाई आफूले यस अघि चितवनबाट उपनिर्वाचन लड्न आग्रह गरेको तर उनले चितवनमा निर्वाचन लड्न मानेनन् नेता कोइरालाले भने । नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम् प्रतिनिधि सभा सदस्य सञ्जय गौतमले नेपाली काँग्रेसले वर्तमान अवस्थाको फाइदा लिँदै पार्टी र संगठन विस्तारमा जुट्न सुझाव दिए । सरकारमा रहेको बेला पार्टी विस्तारमा जति सजिलो हुन्छ नहुँदा कठिन भएकाले काँग्रेसले युवालाई समेट्दै पार्टीलाई नयाँ सिराबार अगाडि बढाउन जरुरी भएको बताए । पार्टीभित्र विचारभन्दा पनि व्यक्तिवादी स्वार्थ हावी हुँदा पार्टी कमजोर भएको बताउँदै नेता गौतमले पार्टीको १५ औं महाधिवेशनबाट वैचारिक रुपमा अगाडि बढाउन सुझाव दिए ।

नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले भोलिका पीडिका लागि काँग्रेसले सोच्न जरुरी भएको बताए । युवाहरुको भविष्य निर्धारण गर्ने जिम्मेवारी नेपाली काँग्रेसको काँधमा आएको बताउँदै नेता शर्माले अब काँग्रेसले परिणाम दिने गरी काम गर्नुपर्नेमा जोड दिए । नेपाली काँग्रेस गण्डकीका सभापति शुक्रराज शर्माको सभापतित्वमा भएको उक्त कार्यकर्ता भेटघाट कार्यक्रममा पार्टीको विभिन्न भातृ तथा शुभेच्छुक संस्थाको प्रतिनिधिहरुको पार्टीलाई अगाडि बढाउनका लागि सुझावहरु दिएका थिए । नेपाली कांग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णुप्रसाद लामिछानेले सञ्चालन गरेको कार्यक्रम प्रदेश उपसभापति कल्पना तिवारीले समापन गरेकी थिइन् ।

## पोखराको मान्द्रेढुङ्गाबाट चिनियाँ पाहुना टोलीले गऱ्यो प्याराग्लाइडिङ

पोखरापत्र संवाददाता
पोखरा, ५ वैशाख

नयाँ वर्षको आगमनसँगै जहाज चार्टर गरेर नेपाल घुम्न आएका चिनियाँ पाहुना टोलीले पोखरा -२४ मान्द्रेढुंगाबाट प्याराग्लाइडिङ गरेका छन् ।

साहसिक खेलको रुपमा चिनिने प्याराग्लाइडिङ गर्न पोखरा आइपुगेकाका चिनियाँ पाहुनाको टोलीलाई गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी र नेपाल हवाइ खेलकुद संस्था (ना) का अध्यक्ष सुनिलबहादुर भट्टराईले प्याराग्लाइडिङ गर्नु पूर्व स्वागत गर्नुभएको थियो ।

सो अवसरमा मुख्यमन्त्री अधिकारीले विभिन्न कारणले सुस्ताइरहेको पोखराको पर्यटनमा चिनियाँ टोलीको आगमन र प्याराग्लाइडिङ लगायतका गतिविधिले पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले प्याराग्लाइडिङसँगै पोखरामा भएका अन्य साहसिक गतिविधिमा पनि पर्यटकलाई जोड्न सके साहसिक पर्यटन मार्फत पर्यटन भित्र्याउन सकिने विश्वास व्यक्त गर्नुभयो । पोखरा पर्यटकका लागि उत्कृष्ट गन्तव्य भएको जनाउँदै राज्य र नीजि क्षेत्रको सहकार्यबाट पर्यटन प्रवर्द्धनमा जोड दिन आवश्यक रहेका उहाँको भनाइ थियो । ना का अध्यक्ष सुनिलबहादुर भट्टराईले पोखराको सराङकोटबाट मान्द्रेढुङ्गा सारिएको प्याराग्लाइडिङमा पहिलोपल्ट यति धेरै चिनियाँ



पर्यटकबाट प्याराग्लाइडिङ हुनु निकै सकारात्मक सन्देश भएको बताउनुभयो । उहाँले भन्नुभयो "हामी निकै खुशी छौ, विभिन्न कारणबाट सुस्ताइरहेको पर्यटन र प्याराग्लाइडिङ क्षेत्रमा यति धेरै विदेशी पाहुनाले प्याराग्लाइडिङ गर्नुभएको छ , यसले नयाँ ठाउँलाई प्रवर्द्धनमा पनि सघाउ पुऱ्याउने छ ।" उहाँले चीनको आउटबाउण्ड गन्तव्यको सूचीमा नेपाल परेसँगै चिनियाँ पर्यटकको आगमनले पर्यटन प्रवर्द्धनको लागि थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नाका महासचिव खेमराज आचार्यले पोखरा र आसपासका सुन्दर हिमशृङ्खला, तालतलैया र प्राकृतिक सुन्दरतालाई अवलोकन गर्न सकिने बताउनु भयो । उहाँले साहसिक खेलप्रेमीका लागि प्याराग्लाइडिङबाट सुन्दर दृश्यवलोकनका लागि मान्द्रेढुङ्गा उत्कृष्ट गन्तव्य हुनेमा आशावादी रहेको बताउनुभयो । उहाँका अनुसार चिनियाँ ९० जना सहित २ सय ५० जनाले मान्द्रेढुंगाबाट प्याराग्लाइडिङ गर्नुभएको थियो । पाहुनालाई पञ्चेबाजा सहित स्थानीय आमा समुहले फुलमाला लगाएर भव्य स्वागत गर्नुभएको थियो । पहिलोपल्ट नेपाल आउनु भएकी यु हुङ्गुनले पोखराको आकाशमा उड्न पाउँदा निकै आनन्द लागेको बताउनुभयो । पहिलोपल्ट नेपाल आएको सुनाउँदै उहाँले यहाँको प्राकृतिक सुन्दरता र आतिथ्यता निकै लोभलाग्दो भएको प्रतिक्रिया दिनुभयो । उहाँले अन्य साथिलाई नेपाल घुम्नको लागि सुझाव दिने बताउनुभयो । नेपाली नयाँ वर्षको पूर्वसन्धयामा १८१ जना चिनियाँ पर्यटकहरु हिमालय एयरलाइन्सको विमान चार्टर गरेर नेपाल भ्रमणमा आउनु भएको थियो । ना का पूर्व अध्यक्ष कृष्ण भण्डारीले अन्तर ष्ट्रिय विमानस्थल सञ्चालन भएसँगै माघ १ देखि मान्द्रेढुङ्गाबाट प्याराग्लाइडिङको व्यावसायिक उडान भएपनि पर्यटकको आगमन बढ्न नसकेको अवस्थामा चिनियाँ टोलीको उडानले उत्साह थपेको बताउनुभयो ।

साहसिक गतिविधिमा रुचि राख्ने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्दै आएको प्याराग्लाइडिङ नेपाल नागरिक उड्डयन प्राधिकरणले सराङकोट, तोरिपानी र तामागी क्षेत्रमा प्याराग्लाइडिङ उडानमा रोक लगाएको थियो । मान्द्रेढुङ्गा सराङकोटबाट करिब पाँच किलोमिटर पश्चिममा पर्छ । प्राधिकरणले सराङकोट लगायतका स्थानबाट प्याराग्लाइडिङमा रोक लगाएपछि विकल्पमा मान्द्रेढुङ्गाबाट उडान शुरु गरिएको हो ।

यसअघि सराङकोटको एक हजार चार सय ५० मिटर उचाइबाट करिब सात हजार फिटको क्यापमा प्याराग्लाइडिङ उडान भइरहेकोमा मान्द्रेढुङ्गाबाट भने एक हजार सात सय ४० मिटर उचाइबाट छ हजार फिट क्यापमा उडान हुन्छ ।

हाल पोखरामा करि ब ६० वटा प्याराग्लाइडिङ कम्पनी छन् भने ५० वटा अहिले सञ्चालनमा छन् । त्यसैगरी तीन सय ७६ जनाले प्याराग्लाइडिङ उडान अनुमति लिएका छन् भने व्यावसायिक रुपमा दुई सय ५० जनाले उडान गरिरहेका छन् । पोखराको प्याराग्लाइडिङमा रू एक अर्ब बराबरको लगानी रहेको ना ले जनाएको छ ।

## नवलपुरका किशोरीहरुसँग मन्त्री गुरुङको संवाद

पोखरापत्र संवाददाता
पोखरा, ५ वैशाख

गण्डकी प्रदेशको कान्छो जिल्ला नवलपुरबाट पोखरा आएका किशोरीहरुसँग प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्री पञ्चराम गुरुङको संवाद कार्यक्रम मंगलबार पोखरामा सम्पन्नभएको छ ।

गण्डकी प्रदेश सरकारले बालबालिका, महिला र ज्येष्ठ नागरिकहरुको हीतका लागि विभिन्न कार्य गरेको उल्लेख गर्दै सो कार्यक्रममा मन्त्री गुरुङ्गले बालिकाहरुको शारिरिक तथा मानसिक स्वास्थ्यको विकासका लागि सरकारले योजना बनाइरहेको जानकारी दिए । नवलपुरको जागृति बाल तथा युवा सरोकार नेपालले क्यानालन स्विजरल्याण्डसँगको साझेदारीमा सञ्चालित किशोरी सशक्तिकरण कार्यक्रमका ४० जनाकिशोरीहरुले आफुहरुले कामगर्दा आएका विभिन्न विषयहरुलाइ प्रदेश सरकारलाई ध्यानाकर्षण गराउनको लागि पोखरा आएका हुन् ।

ध्यानाकर्षण पत्रबुझ्दै मन्त्री गुरुङ्गले किशोरीहरुको मागको कार्यान्वयनमा आफु पदमा रहे पनि नरहे पनि लडिरहने बताए ।

किशोरीहरुको कार्यक्रममा मन्त्रीगुरुङ्गलाई २५ बुँदे ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका हुन् । ध्यानाकर्षण पत्रमाविशेषगरी



बालिकाहरुको लागि आवश्यक पर्ने सुरक्षा, पोषण, शिक्षा, सहभागिता, स्वास्थ्य लगायतका विषयहरुको बारेमा स्वयम् किशोरीहरुले नै तयार गरेर हस्तान्तरण गरिएको किशोरी अभियानताद्गी गिरीले बताउनुभयो । किशोरीहरुले सोमबार मुख्यमन्त्री खगराजअधिकारीलाई पनि ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका थिए । ध्यानाकर्षण पत्रमाबाल मैत्री, किशोरीमैत्री, अपाङ्गता मैत्रीपूर्वाधारहरु र संरचनाहरुको निर्माण गरिनुपर्ने, प्रदेश तहमाबन्ने हरेक समितिहरुमाबालिकाको मुद्दा हेर्ने विशेष उपसमितिबनाउनुपर्ने, विद्यालयहरुमा सेनिटरी प्याडको गुणस्तर र विसर्जन जस्ता विषयहरु समावेश गरिएको किशोरी अभियानताइच्छा गुरुङ्गले जानकारी दिनुभयो । संवादकार्यक्रममा बोल्दै शिक्षाविकास निर्देशनालय, गण्डकी प्रदेशका निर्देशक अम्बिका प्रसाद आचार्यले विगतका दिनहरुमा भन्दा आज देशमाशिक्षा, स्वास्थ्य तथा पोषणका क्षेत्रमा नेपालले प्रगति गरिरहेकोमा सन्तोष बताए । श्रोतअभाव र सरकारको प्राथमिकताको कारण सोचे जस्तो उपलब्धीहरुभने हासिल हुन नसकेको मा निर्देशक आचार्यले दुःख प्रकट गर्नुभयो । कार्यक्रममा राष्ट्रिय बालअधिकार परिषद् गण्डकी प्रदेश समन्वय अधिकृत बद्री वाग्लेले किशोरीहरुको मागलाई प्रदेशका मन्त्रालयहरुसँग समन्वय गरी प्रयास गर्ने प्रतिवद्धता राख्नुभयो । त्यसै गरी पत्रकार प्रतिक्षा काफ्लेले नवलपुरका किशोरीहरुको सक्रियता लोभलाग्दो रहेको विचार प्रकट गर्नुभयो । कार्यक्रममाकिशोरी अभियन्ताहरु सवनम सुनार, शशी क्षेत्री,मानुषी न्यौपाने, सविना पाण्डे र रेजिना घर्ति मगरले कार्यक्रममा किशोरीका सवालाहरुलाई प्रस्तुत गरेका थिए । कार्यक्रमको सहजीकरण संस्थाकाअध्यक्ष तिलोत्तम पौडेल र सभापतित्व किशोरी अभियान्ता निर्जलाबोटेले गर्नुभएको थियो ।

## अन्नपूर्ण हिमालमा मृत्यु भएका र उद्धार गरिएकालाई काठमाडौँ लगियो

पोखरापत्र संवाददाता
म्याग्दी, ५ वैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङस्थित अन्नपूर्ण हिमालमा मृत भेटिएका र जीवितै उद्धार गरिएका आरोहीलाई मंगलबार काठमाडौँ लगिएको छ ।

सात हजार पाँच सय मिटरको उचाइमा मृत भेटिएका स्कटल्यान्डका नोयल हान्नाको शव हेलिकप्टरमार्फत त्रिवि शिक्षण अस्पतालमा लगिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक किरन लामाले बताउनुभयो । उहाँका अनुसार बेहोस अवस्थामा जीवितै भेटिएका भारतका बलदेव कौरलाई पनि हेलिकप्टरमार्फत उपचारका लागि काठमाडौँको सिभिल अस्पतालमा लगिएको छ । सेभेन समिट ट्रेकमार्फत अन्नपूर्ण आरोहणका लागि आएका हान्ना सुतेकै ठाउँमा बिहान मृत भेटिएका थिए ।

पायनियर ट्रेकिङ कम्पनीबाट अन्नपूर्ण आरोहण गर्न गएका कौर अक्सिजनको कमीका कारण बेहोस भएका हुन् । सेभेन समिटबाट आरोहणमा गएका भारतको राजस्थानको किशनगढका ३४ वर्षीय अनुराग मालु भेटिएका छैनन् । आरोहण सफल नभएपछि मालु आधार शिविर फर्कने क्रममा सोमबार दिउँसोदेखि सात हजार पाँच सय मिटरको उचाइबाट समातेको डोरी फुत्किएपछि खसेर बेपत्ता भएका थिए । उद्धारमा खटिनुभएका म्याग्दी दानाका इन्द्रसिंह शेरचनका अनुसार आज चार वटा हेलिकप्टरमार्फत खोजी गरिएको थियो । सिम्रिक, कैलाश, एयर अल्टिच्युट र एभरेष्ट एयरका हेलिकप्टर उद्धार र खोजीमा परिचालन भएका हुन् । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालमा शनिबारदेखि चालु वर्षको वसन्त ऋतुको आरोहण सुरु भएको थियो ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखराका अभिषेक टेनिसको विश्व ऱ्याङकिङमा पहिलो नेपाली खेलाडी

**पोखरापत्र संवाददाता**
पोखरा, ५ बैशाख




जस्तो संगत उस्तै फल भने भ्रैं आफ्ना बाबु र आमा खेलाडी भएको हुनाले खेलको मर्म र भाव बुझ्दा आज उनका छोराले टेनिसको विश्व ऱ्याङकीङमा नेपालको पहिलो खेलाडीको रुपमा नाम राख्न सफल भएका छन् । पोखराका अनुज बाँस्तोला र पद्मा बाँस्तोलाको खेल जीवनको कारण उनकै प्रेरणाले आज उनका छोरा अभिषेश बाँस्तोला विश्व ऱ्याङकीङमा नेपालकै पहिलो खेलाडी तथा विश्व बरियतामा १७९० औं स्थानमा पुगेका छन् ।

आठ वर्षदेखि खेल क्षेत्रमा होमिएका अभिषेशले आफ्नो घर परिवारको उपयुत्त वातावरणका कारण आज टेनिस खेलको उक्त स्थानमा पुग्न सफल भएको दाबी गरे । १३ वर्षको उमेरदेखि अन्तराष्ट्रिय प्रतियोगिता खेल्न सुरु गरेका अभिषेशले हालसम्म १४ देशमा आयोजित टेनिस प्रतियोगितामा सहभागि भएका छन् । टेनिस खेलको आइटिएफको रेङकीङमा १७९० मा रहेका अभिषेश यस बर्ष १ हजार जना भित्र पर्ने र अर्को बर्षमा ५ सय जना भित्र पर्ने गरी आफु खेल्ने रणनितीक योजनामा रहेको बताए । उनले प्राप्त गरेको रेङकीङ नेपालमा अहिलेसम्मकै ठुलो उपलब्धि हो । एकपछि अर्को सफलता हासिल गर्दै उनले अब ओलिम्पक गेममा सहभागि हुने सपना देख्न थालेका छन् । ओलम्पिक पछि ग्राण्ड स्लाममा सहभागिता भई नेपालको नाम विश्व सामु परिचित गराउने लक्ष्यका साथ अघि बढ्ने क्रममा नेपाल सरकार, टेनिस संघ लगायतका सबैले आफ्नो खेल जीवनको यात्रालाई सफल बनाउन साथ र सहयोगको आवश्यक भएको अभिषेशले बताए । अष्ट्रेलियन, यूएस खुल्ला लगायतका ४ वटा विधामा टेनिस खेलको ग्राण्ड स्लाम हुने गर्दछ भने त्यहासम्मको यात्रा तय गर्न आफुले अब दिन रात मेहनत गर्ने उनले जनाए । नेपालमा हुने कुनै पनि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिताको लागि उपयुक्त वपातावरण मिलाउन समेत अभिषेकले माग गरेका छन् । जिल्ला, प्रदेश हुदै छनौट अनि बन्द प्रशिक्षणको समयले गर्दा आफुले अन्तराष्ट्रिय क्षेत्रमा कायम गरेको ऱ्याङक भने घट्ने हुँदा यस बिषयमा सम्बन्धित पक्षले आफुहरु जस्ता खेलाडीहरुको सम्मानमा खेल खेल्ने वातावरण मिलाउनु पर्ने उनले जनाए । अभिषेकले कोरियाको इन्चोनमा भएको १७ औं एशियन गेम्समा सहभागिता जनाईसकेका छन् भने चीनको नान्जिङमा दोस्रो युथ गेम्समा सहभागिता जनाएका थिए । इण्डोनेशियामा आयोजित १८ औं एशियन गेम्समा पनि अभिषेकले नेपालको प्रतिनिधित्व गरेका थिए । अभिषेश अमेरीकामा आयोजना हुने कलेज स्तरिय प्रतियोगितामा सबै भन्दा ठुलो प्रतियोगिताका रुपमा लिइने एनसीएएको डिभिजन वान मा सहभागि भई त्यहाँबाट माथिल्लो स्तरका टेनिसमा छनौट भएका थिए । महंगो मध्येकै टेनिस खेलको यात्रामा आफ्नो घर परिवारको साथ सहयोगले गर्दा आज यहाँसम्मको यात्रामा आएको बताएका अभिषेकले नेपालमा रहेको भए वर्ल्ड ऱ्याङकीङमा पर्ने सम्भवना नभएको गुनासो गरे । खेलाडीहरुको प्रतिभा प्रस्फुटन हुनको लागि लगातार प्रतियागिताहरु हुनु पर्ने उनले बताए । २५ वर्षीय अभिषेकले मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै आफुले अब थप मेहनत गरी खेल्ने बताए । पोखराको प्रर्स्याङ टेनिस कोर्टबाट टेनिस खेलको सुरुवात गरेका अभिषेकले थाइल्याण्ड हुदै अमेरीकासम्म पुगेर आफ्नो खेल कौशल मार्फत नेपालको नाम विश्व सामु परिचित गराउने काम गर्दै आएका छन् । चुनौतिको सामना गर्न शारीरिक, मानसिक एवं प्राविधिक रुपमा प्रशिक्षत हुन जरुरी भएको उनले जनाए । अमेरिकाको क्यालिफोर्नियासिथत सेन्ट मेरिज कलेबाट सन २०२० मा स्नातक गरेका अभिषेकले आफ्नो परिवारले खेलको महत्व बुझेर आफुलाई खेल क्षेत्रमा स्वतन्त्र रुपमा छाडेर वातावरण अनुकुल बनाएका कारण टेनिसमा यहाँसम्मको यात्रामा आउन सफल भएको जनाए । अभिषेकका बाबु अनुज बाँस्तोलाले आफ्ना छोरा छोरीलाई खेलाडी बनाउने भन्ने बिषयमा धेरै पटक सोच्नु पर्ने अबस्था रहेको बताए । १३ बर्षमा अभिषेकले भ्यानमारमा भएको खेलमा नेपालको तर्फबाट उत्कृष्ट खेल प्रर्दशन गरेसंगै खेल जीवनमा राम्रो गर्ने संकेतले परिवारले साथ दिएको उनले जनाए । आफ्नो पहलबाट अभिषेकले हासिल गरेको रेङकीङ नेपालको लागि ठुलो उपलब्धि भएको अनुजले बताए ।

नेपाल टेनिस संघका केन्द्रीय उपाध्यक्ष विनोद कायस्थले टेनिस अभिषेश जस्ता खेलाडीहरुलाई नेपालको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिताको लागि उपयुक्त वातावरण मिलाउनु पर्ने बताए । उनले टेनिस खेलबाट आईटिएफमा अभिषेकले नेपालको भ्रण्डाको प्रतिनिधित्व गरेकोप्रति गर्व गरे । भविश्यमा पोखरामा अन्तराष्ट्रिय स्तरको टेनिस एकेडेमी स्थापना गरी अभिषेकले खेलाडी उत्पादन गर्ने अभियानमा लाग्ने भएको उपाध्यक्ष कायस्थले जनाए ।

प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोजकुमार गुरुङले लोकप्रिय खेल टेनिसमा अभिषेकले प्राप्त गरेको रेङकीङलाई थप सुधार गर्दै लैजान आग्रह गरे । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराललले यस्ता खेलाडीहरुको हौसला र प्रोत्साहनको लागि राज्य र खेल संघ तथा राखेपले उपयुक्त वातावरण मिलाउनु पर्ने बताए । कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक बहादुर गुरुङको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको नविन श्रेष्ठले बताए ।

# अन्नपूर्ण गाउँपालिकाले थाल्यो बजार अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ बैशाख



कास्कीको अन्नपूर्ण गाउँपालिकाले बजार अनुगमन गर्न सुरू गरेको छ । गाउँपालिका उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन शाखा प्रमुख नारायण क्षेत्री संयोजकत्वको टोलीले मंगलबारदेखि गाउँपालिकाका रेष्टुरेन्ट र किराना पसलमा अनुगन सुरू गरेको हो ।

बजार अनुगमनसम्बन्धी कार्यविधि २०७४ सालमै बने पनि गाउँपालिकाले बजार अनुगमन गरेको यो पहिलोपटक हो । २ महिनाअघि क्षेत्री संयोजक भएपछि पहिलोपटक अनुगमन थालिएको हो । मंगलबार अन्नपूर्ण-१ को फेदी, लेवाडे, नौडाँडा ३५ वटा रेष्टुरेन्ट र किराना पसलको अनुगमन गरिएको संयोजक क्षेत्रीले जानकारी दिए । ३५ मध्ये प्रायः किराना पसल र रेष्टुरेन्टमा म्याद गुज्रेका सामान भेटिएको उनले बताए । 'आफैं त्यसलाई नष्ट गर्नुस् भन्यौं । अर्कोपटक भेटिए हामी नष्ट गर्छौं भन्ने चेतावनी दिएर एकपटकलाई छोडेका छौं,' संयोजक क्षेत्रीले भने । उनकाअनुसार अनुगमन गरिएकामध्ये एकाधबाहेक पसलको नवीकरण मिति सकिएको पाइयो । नवीकरण नगरेकालाई एक हप्ताभित्र गाउँपालिकामा आएर कर चुक्ता गर्न लिखित चेतावनी दिइएको संयोजक क्षेत्रीले जानकारी दिए । 'कतिपयले व्यवसाय दर्ता नगरेको पनि भेटियो । २०७५/०७६ देखि नवीकरण मिति गुज्रेको पाइयो,' संयोजक क्षेत्रीले थपे, 'एक हप्ताको समय दिएर गाउँपालिकामा दर्ता गर्न, कर चुक्ता गर्न लिखित चेतावनी दिएका छौं । पछि फेरि फलोअप गर्छौं ।' अन्नपूर्णमा ५ सदस्यीय बजार अनुगनम समिति छ ।

उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन शाखा प्रमुखको संयोजकत्वको टोलीमा गाउँपालिकाकै राजस्व शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख, स्थानीय प्रहरी चौकीका प्रतिनिधि र एक जना पत्रकार सदस्य रहने व्यवस्था गाउँपालिकाको अनुगमन कार्यविधिले व्यवस्था गरेको छ ।

# उपनिर्वाचन : तनहुँका १६ केन्द्र महिलाको जिम्मा

**पोखरापत्र संवाददाता**
दमौली, ५ बैशाख

तनहुँ-१ मा हुन लागेको प्रतिनिधिसभाको उपनिर्वाचनका लागि मतदान अधिकृत र सहायक मतदान अधिकृत तोकिएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले यही वैशाख १० मा हुन लागेको उपनिर्वाचनका लागि एक सय ५२ मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत नियुक्त गरेको हो ।

नियुक्त भएका मतदान र सहायक मतदान अधिकृतका लागि आज वैशाख ५ र ६ गते अभिमुखीकरण प्रदान गरिने निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो । अभिमुखीकरण पश्चात् ७ गतेबाट मतदान अधिकृतलाई आवश्यक सामग्रीसहित सम्बन्धित मतदान केन्द्रमा खटाइने ढकालले बताउनुभयो । "सदरमुकामबाट टाढा दूरीमा रहेका मतदान केन्द्रमा ७ गतेबाटै आवश्यक सबै सामग्री दिएर कर्मचारी खटाउँछौं," ढकालले भन्नुभयो । कुल एक सय ५२ मतदान केन्द्रमध्ये १६ मतदान केन्द्रमा महिलालाई जिम्मेवारी दिइएको छ । भानु नगरपालिकामा कार्यरत भगवती शर्मालाई भानु-२ स्थित होमराज लोहनी शारदा शिक्षा सदन, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा कार्यरत पार्वती पौडेललाई भानु-३ स्थित मर्स्याङ्दी आधारभूत विद्यालय, कृषि विकास बैंकमा कार्यरत रसिला श्रेष्ठलाई भानु-६ स्थित पड्केपसल आधारभूत विद्यालय (ख), शुक्लागण्डकीमा कार्यरत दुर्गा अधिकारी तिमिल्सिनालाई व्यास-२ स्थित सत्यवती माध्यमिक विद्यालय (ख), तनहुँ अदालतमा कार्यरत देवी भण्डारी चापागाईँलाई सत्यवती माध्यमिक विद्यालय (ग) मतदान केन्द्रमा मतदान अधिकृतको जिम्मा दिइएको छ । शुक्लागण्डकीमा कार्यरत मञ्जु सुवेदीलाई व्यास-४ स्थित मदर्शा आधारभूत विद्यालय (ग), सडक डिभिजन कार्यालयमा कार्यरत बबिता शर्मालाई व्यास-७ स्थित पञ्चज्योति आधारभूत विद्यालय (ख), शुक्लागण्डकीमा कार्यरत अस्मिता सुवेदीलाई पञ्चज्योति आधारभूत विद्यालय (ग), व्यासमा कार्यरत कल्पना खनाललाई आँबुखैरेनी-३ स्थित रामशाह माध्यमिक विद्यालय (ख), भानुमा कार्यरत सरस्वती गुरुङ ढकाललाई बन्दीपुर-१ स्थित विष्णु माध्यमिक विद्यालय (ख) केन्द्रमा मतदान अधिकृतको जिम्मेवारी दिइएको छ । आँबुखैरेनीमा कार्यरत निर्मला कँवरलाई बन्दीपुर-१ स्थित पवित्रा माध्यमिक विद्यालय (ख), तनहुँ अदालतमा कार्यरत लक्ष्मी रिमाल पराजुलीलाई बन्दीपुरस्थित भानु माध्यमिक विद्यालय (ख), भिमादमा कार्यरत टेकावती ढकाललाई बन्दीपुर स्थित दिल आधारभूत विद्यालय (ख), व्यासमा कार्यरत सावित्री आचार्य कोइरालालाई बन्दीपुर स्थित जगदीश्वर आधारभूत विद्यालय (ख), व्यासमा कार्यरत लक्ष्मी गुरुङलाई बन्दीपुरस्थित चन्द्रोदय आधारभूत विद्यालय (ख) र देवघाटमा कार्यरत पुष्पादेवी बरामलाई व्यासस्थित जलदेवी माध्यमिक विद्यालय (ङ) केन्द्रमा मतदान अधिकृतको जिम्मेवारी दिइएको छ ।

तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य रामचन्द्र पौडेल राष्ट्रपति बन्नुभएपछि यस क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचनका लागि विसं २०८० वैशाख ९ गतेसम्म १८ वर्ष पूरा हुने एक लाख २३ हजार तीन सय पाँच मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ ।

# पाँच वर्ष सरकार चलाएर परिणाम दिनुपर्छ : महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
दमौली, ५ बैशाख

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले वर्तमान गठबन्धनको नेतृत्वमा पाँच वर्ष सरकार चलाएर जनतालाई परिणाम दिनुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) व्यास नगर समितिले आज दमौलीमा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै महामन्त्री थापाले गठबन्धन सरकारलाई पाँच वर्ष टिकाएर जानसके जनतामा सकारात्मक सन्देश प्रवाह हुने बताउनुभयो ।

उहाँले पाँच वर्ष सरकारलाई निरन्तरता दिएर जनताका पक्षमा काम गर्नुपर्ने बताउँदै भन्नुभयो, "जनतालाई परिणाम दिनुपर्छ, तर जुन गतिमा हामी हिँडिरहेका छौँ त्यो गतिले देशको समृद्धिको लक्ष्य पूरा गर्न सकिँदैन ।" महामन्त्री थापाले अहिलेको परिस्थितिका कारण एउटै दलको बहुमत नआउने भएकाले गठबन्धन गर्नुपरेको धारणा राख्नुभयो । देशको विकासका लागि प्रधानमन्त्री, मन्त्रीदेखि तल्लो तहका सरकारसम्मका प्रतिनिधिले देशमा महाविपत्ति आइरहेको छ भन्ने सोचेर काम गर्नुपर्ने उहाँले सुझाव दिनुभयो । "रातदिन काम गर्नुपर्ने अवस्था आएको छ, छिटो छिटो परिणाम दिने गरी काम गर्नुपर्छ, केन्द्र, प्रदेश र स्थानीय तहको सरकारको लय मिल्नुपर्छ । तबमात्र परिणाम आउँछ", थापाले भन्नुभयो । खर्च घटाउँदै आम्दानी बढाउने स्रोतको खोजी गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको महामन्त्री थापाले बताउनुभयो । उहाँले जनतामा विश्वास जागृत गराउनुपर्ने उल्लेख गर्दै मिटरब्याज पीडितको समस्या सम्बोधन, समयमै मल ल्याउने व्यवस्था सरकारले गर्नुपर्ने बताउनुभयो । वैशाख १० गते हुने उपनिर्वाचनले सरकार गठन प्रक्रियामा केही प्रभाव नपर्ने भए पनि राजनीतिमा कस्तो व्यक्ति पुरस्कृत हुने भन्ने सन्देश दिनुपर्ने उहाँको भनाइ थियो । मङ्सिरमा सम्पन्न निर्वाचनमा तनहुँका जनताले दिएको मतका कारण आज तनहुँले राष्ट्रपति पाएको भन्दै महामन्त्री थापाले राष्ट्रपतिले संवैधानिक दायित्व सफलतापूर्वक पूरा गर्नुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसलाई बलियो बनाउने जिम्मेवारी आफूहरूको काँधमा रहेकाले त्यो जिम्मेवारी पूरा गर्ने बताउनुभयो । कांग्रेसबाट नै अवसर र पहिचान बनाएकाले आज कांग्रेसलाई गाली गर्ने दिन आएको महामन्त्री शर्माको भनाइ थियो । गोविन्द भट्टराईलाई उम्मेदवार बनाएर कांग्रेसले न्याय गरेको भन्दै धेरै युवा उहाँलाई मतदान गर्न आतुर रहेको आफूले पाएको उहाँले बताउनुभयो ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
- थमस हार्डी

## सम्पादकीय

# मानवअधिकारको अवस्थामा सुधार आएन

काठमाडौँको शान्ति वाटिकामा धर्नामा बसेका 'मिटरब्याज' पीडितमाथि प्रहरीले बल प्रयोग गरेको छ। मिटर व्याज पीडितहरू न्याय माग्दै काठमाडौं आएका थिए।सरकारले मिटर व्याज पीडितका समस्या समाधानका लागि समयमै ध्यान नदिँदा सरकार आलोचित भएको छ । नागरिक अभियानले मानवअधिकारको लागि मार्च गर्ने भएको छासरकारले मिटर व्याज पीडितहरूलाई दोस्रो दर्जाको नागरिकको रुपमा लिएको छाआफ्ना समस्या सुनाउन र न्याय माग्न आएकाहरुलाई सरकारले उल्टै बल प्रयोग गरेर घाउमा नुन चुक छर्ने काम गरेको छ । राष्ट्रिय मानवअधिकार आयोगले मिटर व्याज पीडितहरूलाई बल प्रयोग नगर्न आग्रह गरेको छ ।

नागरिकको शान्तिपूर्ण रुपमा भेला हुने र आफ्ना विचार राख्न पाउने अधिकारको सम्मान र संरक्षण गर्न, प्रदर्शनकारीमाथि अत्यधिक बल प्रयोग नगर्न आयोगले सरकारसँग आग्रह गरेको छ । शासन व्यवस्था फेरियो तर साशकका शैली पुरानै छन । जनताको अवस्था परिवर्तन नहुँदा साशक होइन व्यवस्थाकै विरुद्ध नागरिकको आक्रोश बढ्दो छ । आयोगले मंगलबार जारी गरेको विज्ञप्तिमा धर्नाका क्रममा झडप हुँदा घाइते भएका व्यक्तिको प्रभावकारी उपचारको व्यवस्था गर्न र सार्थक संवादमार्फत समस्याको समाधान गर्न सरकारसँग आग्रह गरिएको छ । साथै, विरोध र प्रदर्शन गर्दा मर्यादित र शान्तिपूर्ण रुपमा गर्न धर्नामा बसेकालाई आयोगले अनुरोध गरेको छ । न्यायको माग राखी विगत केही दिनदेखि काठमाडौँको शान्ति वाटिकामा धर्नामा बसेका 'मिटरब्याज' पीडितमाथि प्रहरीद्वारा अत्यधिक बल प्रयोग गरी घाइते बनाएको एवं धरपकड गरिएको घटनाप्रति आयोगले ध्यानाकर्षण भएको जनाएको छ ।

उक्त घटनाको आयोगले स्थलगत अनुगमन गरेको छा काठमाडौँको शान्ति वाटिकामा शान्तिपूर्ण धर्नामा रहेका 'मिटरब्याज' पीडितहरु प्रधानमन्त्रीलाई भेट्ने तयारीका साथ शान्ति वाटिकाबाट निस्केको अवस्थामा प्रहरीबाट रोक लगाइएको र सोही क्रममा झडप भएको आयोगको अनुगमनबाट पाइएको जनाएको छ । उक्त धर्नामा रहेका व्यक्तिलाई प्रहरीले अत्यधिक बल प्रयोग गर्दै धरपकड गरेको, पीडितले प्रयोग गरिरहेको खाना पकाउने ग्यास, खाद्यान्नलगायतका सामग्री जबरजस्ती लगिएको, धर्नामा रहेका प्रदर्शनकारी र वृद्धवृद्धालाई समेत नियन्त्रणमा लिइ महेन्द्र पुलिस क्लबको भवन परिसरमा लगी कुटपिट गरिएको आयोगको अनुगमनबाट पाइएको आयोगले जनाएको छ । यस्तो व्यवहार पंचायत कालमा जस्तै भएको छालोकतान्त्रिक गणतन्त्रमा नसुहाउने काम भएको छ ।

केहीको प्रहरीको कुटपिटबाट घाइते भइ काठमाडौँको ट्रमा सेन्टरमा उपचार भइरहेको छा अस्पताल प्रशासन तथा महानगरीय प्रहरीवृत्त दरबारमार्गमा राखिएका व्यक्तिलाई समेत अयोगको अनुगमन टोलीले भेट गरी जानकारी लिएको छा घाइतेमध्ये अधिकांशलाई टाउकोमा चोट लागेको र ट्रमा सेन्टरमा उपचाररत तीनजना गम्भीर रहेको अनुगमनको क्रममा पाइएको आयोगले जनाएको छानेपालमा मानवअधिकारको स्थितिमा सुधार आउन नसकेको देखाएको छासाशकले मिटर व्याज पीडितसंग माफी मागेर गल्ती नदोहोऱ्याउने प्रतिबद्धता जनाउनुपर्दछ।

# बेनी–जोमसोम सडकखण्ड दैनिक छ घन्टा बन्द

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ बैशाख

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी–जोमसोम सडक सोमबारदेखि दैनिक छ घन्टा यातायात सेवा बन्द हुन थालेको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ रुप्से झरना क्षेत्रमा पहिरो रोकथाम, 'बेलिब्रिज' निर्माण र सडक विस्तारका लागि यातायात सञ्चालन गर्ने समयतालिका बनाइएको हो। प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले २०८० बैशाख ४ देखि २० गतेसम्म बिहान ६ देखि ९ र दिउँसो १ देखि ३ बजेसम्म यातायात आवतजावत बन्द गरेर निर्माण गरिने जानकारी दिनुभयो । यसअघि २०७९ चैत ३ देखि १४ गतेसम्म रुप्से खण्डमा सोही समयमा यातायात बन्द गरिएको थियो । पहिराले क्षति गरेको साँघुरो सडकमा यातायात सञ्चालन, सडक, पुल निर्माण र पहिरो व्यवस्थापनको काम सँगै गर्दा जोखिम भएकाले यातायात रोकेर काम गर्ने समयतालिका बनाइएको सडक आयोजनाले जनाएको छ। निर्माण व्यवसायीले बेनी–जोमसोम–कोरला सडक आयोजनामार्फत जिल्ला प्रशासन कार्यालय म्याग्दीमा समय व्यवस्थापनका लागि पत्राचार गरेका थिए । म्याग्दीबाट मुस्ताङ जाने र मुस्ताङबाट म्याग्दीतर्फ आउने सवारीसाधनले सडक बन्द हुने समयअगावै रुप्से खण्ड पार गर्नुपर्नेछ । एम्बुलेन्स र अत्यावश्यक सवारीसाधनको हकमा भने सडकमा सहज आवतजावतको व्यवस्था मिलाउने प्रशासनले जनाएको छ । राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर बेनी–जोमसोम–कोरला सडक आयोजनामार्फत पर्वतको मालढुङ्गाबाट म्याग्दी हुँदै मुस्ताङको कोरलानाका जोड्ने सडक स्तरोन्नति, विस्तार र कालोपत्र गर्ने काम विभिन्न खण्डमा भइरहेको छ।

# गाउँमा सूचना पाउन कटुवालकै भर

**पोखरापत्र संवाददाता**
लमजुङ, ५ बैशाख

लमजुङको गाउँ गाउँमा प्रायः जसो सबैको हात हातमा मोबाइल सेट छ । यसमा इन्टरनेटका माध्यमबाट संसारभरीको खबर प्राप्त गर्ने गरे पनि क्व्होलासोथर गाउँपालिका–८घाम्राङगाउँ,घिचे, घाम्राङबेँसी, साल्मेलगायतका गाउँमा स्थानीयवासीले आफ्नै गाउँको खबर प्राप्त गर्न कटुवालको भर पर्नुपर्छ ।

यहाँ अझै कटुवालकै भरमा सूचना दिने चलन कायम छ । घाम्राङ गाउँका दिनबहादुर गुरुङले जब गाउँपारिको डाँडामा उभिएर ठूलो स्वरमा उर्दी जारी गर्न थाल्नुहुन्छ, सबै गाउँलेले आफूले गर्दै गरेको काम रोकेर कान ठाडो पार्दै ध्यानपूर्वक सुन्न थाल्छन् । कटुवाल गुरुङले डाँडाबाट आफ्ना गाउँमा हुन लागेका वा हुनेवाला नयाँ सूचना वा खबर सुनाउनुहुन्छ । प्रविधिको माध्यमबाट सूचना दिने क्रम बढे पनि यहाँका बासिन्दालाई सामूहिक रूपमा सूचना (खबर) गर्न अहिले पनि घाम्राङ गाउँमा कटुवाल प्रथा कायमै छ ।

गाउँमा हुने विभिन्न भेला, कार्यक्रम तथा बैठक, विवाहलगायत काममा स्थानीयवासीलाई सहभागी गराउन कटुवालले नै खबर गर्छन् । गाउँको रीतिथितिअनुसार असिना बार्ने, बीउ बार्नेदेखि विकास निर्माणका काममा काम गराउन, सामुदायिक वनको गोडमेल, खानेपानीको मर्मतसम्हार, दाउरा काट्ने, दुःख–बिमारमा सघाउने, गाईभैंसी लेकमा लैजानेलगायत कामका लागि पनि कटुवालले नै गाउँलेलाई खबर गर्दै आएको वडा सदस्य खमाया गुरुङले बताउनुभयो । "गाउँभरिको खबर गर्ने आधिकारिक व्यक्ति कटुवाल नै हो । यस वडा कार्यालयबाट गर्ने कार्यक्रमदेखि गाउँमा हुने सबैजसो कामको खबर गर्ने जिम्मा कटुवालको रहेको छ", उहाँले भन्नुभयो ।

घाम्राङ गाउँका गमप्रसाद गुरुङले भन्नुभयो, "विश्वभरका समाचार तथा विभिन्न खबर प्राप्त गरे पनि गाउँका समाचार तथा खबर भने कटुवाल कराएपछि मात्र थाहा पाउने गरेको छु ।" अन्य स्थानीयवासीले पनि यसरी नै गाउँका खबर कटुवालमार्फत पाउने गरेका उहाँको भनाइ छ । वडासदस्य गुरुङ वडा कार्यालय बाहेक गाउँका खबर कटुवालमार्फत जानकारी प्राप्त गर्ने गरेको बताउनुहुन्छ । "यहाँ वर्षौं पहिलादेखि कटुवालको चलन थियो, यसलाई निरन्तरता दिन म कटुवाल बन्नुपरेको हो", उहाँले भन्नुभयो ।

कटुवाल कराएबापत गुरुङले गाउँलेबाट सामूहिक रूपमा वार्षिक पाँच मुरी धान र एक मुरी कोदो प्राप्त गर्नुहुन्छ । बर्सेनि गाउँमा थितिसभा बस्ने र सोही सभाले निर्णय गरेपछि मात्रै अन्नपात उठाइने चलन छ । काम परेको बेला कटुवाल कराउने तर अन्य समयमा उहाँ खेतीपाती गर्दै परिवार धान्दै आउनुभएको छ । कटुवालको जिम्मेवारीमा आउने अन्न, आफूले उब्जाउने अन्न र मेलापात गरेर गुरुङले आउने नगद आम्दानीले परिवारको गुजारा चलाउँदै आउनुभएको छ । यहाँ चलन कायम रहेकाले यसलाई बचाउनका लागि कटुवालको महत्व तथा संरक्षण आवश्यक रहेको छ ।

कसदरमुकामस्थित बेँसीसहर नगरपालिका–१० खासुर गाउँका स्थानीयवासी पनि गाउँको समाचार प्राप्त गर्न कटुवालकोभरपर्दै आउनुभएको छ । स्थानीय दूधप्रसाद घलेका अनुसार टोल टोलमै पुगेर कटुवाले कराएर गाउँलेले सूचना प्रदान गर्दै आएका छन् । सो गाउँका गाउँबेँसी, लेतेफाँट, कल्लेरी र डाँडागाउँमा यसरी सूचना दिने चलन छ ।

स्थानीय कालु दमाइ करिब २० वर्षदेखि यसरी नै उक्त टोलमा पुगेर कराएर सूचना दिँदै आउनुभएको छ । यसरी कराएबापत उहाँले वर्षमा धान, मकै, कोदोलगायत अन्नबाली गाउँलेबाट उठाउने गर्नुभएको छ ।

# पोखरा पर्यटनको चर्चा भारतको पटनामा

**- वासुदेव पौडेल**
पोखरा, ५ बैशाख

पोखराको पर्यटनबारे चर्चा भारतको पटनामा गरिएको छ । नेपाल एशोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशको आयोजना एवं पोखरा महानगरपालिकाको सहयोगमा गरिएको पर्यटन प्रवर्द्धन कार्यक्रमअन्तर्गत पटनामा पोखराको पर्यटकीय सम्भावना, त्यहाँको आतिथ्यतालगायतका विषयमा भारतका पर्यटन व्यवसायीसँग छलफल एवं अन्तर्क्रिया गरिएको हो ।

कार्यक्रममा पोखरेली पर्यटन व्यवसायीले पोखरा प्राकृतिक एवं सांस्कृतिकरूपमा घुम्नैपर्ने गन्तव्य भएको बताउँदै गर्दा पटनाका पर्यटन व्यवसायीले त्यहाँका भोगाइ तथा अनुभवलगायतका विषयमा चर्चा गरेका थिए ।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले प्राकृतिकरूपमा विश्वकै सुन्दर गन्तव्यमध्येमा पोखरा पनि एक भएको बताउँदै आफूहरू विगतदेखि नै 'अतिथि देवो भवः' को मन्त्रलाई आत्मसात गर्दै आएको बताउनुभयो । "पोखरा मित्रराष्ट्र भारतका आम सर्वसाधारणका लागि सहजरूपमा घुमेर मनोरञ्जन लिनसक्ने गन्तव्य हो", उहाँले भन्नुभयो, "भारतसँग नेपालको भौगोलिक निकटतासँगै वर्षौँदेखिको आपसी भाइचारा कायम रहँदै आएको छ ।"

नजिकैबाट हिमाली दृश्यको अवलोकनसँगै साहसिक पर्यटनका विभिन्न गतिविधि पोखरामा गर्न पाइने बताउँदै उहाँले आफूहरू सधैँ भारतीय पर्यटकको न्यानो आतिथ्यताका लागि तयार रहेको बताउनुभयो ।

नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले भारत पोखरा तथा नेपालका लागि महत्वपूर्ण पर्यटन स्रोत बजार रहेको बताउनुभयो । पोखरा सबै किसिमको मौसममा घुम्न उपयुक्त रहेको बताउँदै उहाँले भारतीय पर्यटकले पोखरा घुम्न आउने क्रममा विगतमा भोग्ने गरेका समस्या बुझ्दै र आगामी दिनमा त्यसको निराकरण गर्ने पनि प्रवर्द्धनात्मक कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो। टुरिजम एशोसिएसन अफ विहारका सचिव प्रकाश चन्द्रले पोखरा आफूहरूको रोजाइमा पर्ने गन्तव्यमध्येको एक भएको बताउनुभयो । भारतीय अधिकांश पर्यटकले घुमाइका क्रममा राम्रैसँग खर्च गर्ने गरेको उल्लेख गर्दै उहाँले पोखरामा अनलाइन पेमेन्टलाई सहज एवं प्रभावकारी बनाउन जरुरी रहेको बताउनुभयो । पटनाका सिनियर टुरिजम कन्सल्टेन्ट सञ्जय शर्माले नेपाल र भारतबीचको सदियौँदेखिको रोटी र बेटीका सम्बन्धका कारण पनि एकअर्कामा नजिक रहँदै आएको धारणा राख्नुभयो। पोखरा र पटनाबीचको कनेक्टिभिटी बढाउनुपर्नेमा जोड दिँदै उहाँले सिधा हवाई सम्पर्कका लागि दुवैतर्फबाट पहल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । भारतबाट नेपाल आउनका लागि सडक सञ्जाललाई पनि चाँडो व्यवस्थित गर्नुपर्ने उहाँको भनाइ छ । पोखरा महानगरपालिका पर्यटन विकास समितिका उपाध्यक्ष रवीन्द्रराज पौडेलले पोखरा हरेक मौसममा घुम्न सकिने गन्तव्य भएको बताउँदै धार्मिक पर्यटनसँगै साहसिक पर्यटनका विभिन्न गतिविधि एकसाथ गर्नका लागि पोखरा घुम्न आउन आग्रह गर्नुभयो । आतिथ्यताका दृष्टिले पोखरा अग्रस्थानमा रहेको उहाँको भनाइ छ ।

नाट्टा गण्डकी प्रदेशका महासचिव सङ्गीता पौडेलले प्रवर्द्धनात्मक भ्रमणका क्रममा भारतीय पर्यटकले विगतमा भोग्ने गरेका असहज अवस्थाबारे समेत जानकारी लिइने बताउनुभयो । पोखरा धार्मिक, सांस्कृतिक एवं साहसिक पर्यटनको गन्तव्य रहेको कार्यक्रम संयोजक एवं नाट्टा गण्डकी प्रदेशका प्रथम उपाध्यक्ष किशोर दहालले बताउनुभयो । विश्वमै विशिष्ट धार्मिक महत्व बोकेको शालिग्राम पाइने क्षेत्रका रूपमा गण्डकी रहेको उहाँले बताउनुभयो । कार्यक्रममा पोखरा र पटनाका व्यवसायीबीच व्यावसायिक साझेदारीबारे छलफल (बिटुबी) गरिएको थियो।प्रवर्द्धनात्मककार्यक्रमअन्तर्गत आज बनारस पुगी त्यहाँका पर्यटन व्यवसायी एवं सञ्चारकर्मीसँग छलफल गरिने उहाँले जानकारी दिनुभयो । बनारसपछि अयोध्या एवं गोरखपुरलगायतका गन्तव्यमा प्रवर्द्धनात्मक कार्यक्रम गरी यही वैशाख ८ गते पोखरा फर्कने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो ।

# विदेश यात्रामा जाँदै 'लेकाली'

**पोखरापत्र संवाददाता**
पोखरा, ५ बैशाख

पोखराको पुरानो लोकपप ब्यान्ड 'लेकाली' साङ्गीतिक यात्राको क्रममा युएई जाने भएको छ।

कोभिड–१९ महामारीपछि लेकाली पहिलो विदेश यात्रामा निस्कन लागेको हो । यही अप्रिल २२ मा दुबई र २३ मा आबुधावीमा 'लेकाली ब्याण्ड लाइभ इन कन्सर्ट' आयोजना हुने ब्याण्डका सदस्य नवीन गुरुङले जानकारी दिनुभयो । युएईमा रहेका नेपाली समुदायको आयोजना र व्यवस्थापनमा कार्यक्रम हुन लागेको उहाँको भनाइ छ। "कोभिड महामारीपछि कन्सर्ट लिएर पहिलोपटक विदेश जाँदैछौं", उहाँले भन्नुभयो, "युएईपछि अरु देशमा पनि जाने तयारी छ ।"

ब्याण्ड स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा विदेशयात्रा तय गरिएको हो । ब्याण्डमा गायक नवीनसहित विशाल, भाइ, कुन्दन, अमित र चाइनिज गुरुङ गरी छ सदस्य छन् । विसं २०५२ स्थापित सो ब्याण्डका 'यो मुटुमा', 'वनमा कस्तुरी', 'पहिलो नजर'लगायत गीत चर्चित छन् । लेकालीले विसं २०५४ मा पहिलो एल्बम 'यो मुटुमा' सार्वजनिक गरेको थियो । त्यसपछि 'मानस', 'मोहिनी', 'फर्कि हेर्दा'लगायत एल्बम स्रोतामाझ ल्याएको थियो। पोखरामा साङ्गीतिक गतिविधि सुस्ताएपछि बीचमा केही समय ब्याण्ड निस्क्रियजस्तै बनेको थियो । ब्याण्डका नयाँ–पुराना सदस्य मिलेर लेकालीलाई फेरि पुरानै लयतिर फर्काउने प्रयासमा लागेका हुन् । स्थापनाकालमा ब्याण्डमा रहेका कतिपय कलाकार अहिले विदेशमा छन् । लेकालीले पोखरालगायत देशका विभिन्न ठाउँमा हुने मेला–महोत्सवमासमेत प्रस्तुति दिँदै आएको छ । यसअघि लेकालीले हङ्कङ, बेलायतलगायत देशमा लाइभ कन्सर्ट गरिसकेको छ। जापान, कोरिया, मकाउलगायत देशमा कन्सर्टको तयारी भइरहेको लेकालीले जनाएको छ । सङ्गीतमा नेपालीपन लेकाली ब्याण्डको विशेषता हो । "बजारमा के चलेको भन्दा पनि पछिसम्म कालजयी हुने गरी गीतसङ्गीत सिर्जना गर्छौं", ब्याण्डका अर्का सदस्य अमितले भन्नुभयो ।

# हङकङ विजयी आग्रह

**रासस**
काठमाडौं, ५ बैशाख

एसिसी प्रिमियर कप अन्तर्गतको मंगलबार भएको खेलमा हङकङले सिङ्गापुरलाई आठ विकेटले पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको छ । मूलपानी क्रिकेट मैदानमा भएको खेलमा सिङ्गापुरले दिएको १७५ रनको लक्ष्य हङकङले ३३ ओभरमा २ विकेट गुमाएर पूरा गर्‍यो । हङकङका लागि बाबर हायातले ९४ बलमा १०८ रनको शतकीय योगदान पारी खेले । उनले १० चौका र ६ छक्का प्रहार गरे । त्यस्तै निजाकत खानले ८९ बलमा ३ चौका र १ छक्काको सहयोगमा ५१ रनको अर्धशतकीय योगदान गरे । सिङ्गापुरका लागि आरित्रदत्त र रमेश कालिमुथुले समान एक /एक विकेट लिए ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २१ चिलाउने खर्क लामाखेत सुरौदी सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः चिलाउने खर्क लामाखेत सुरौदी सडक**
**स्थानः पोखरा–२१, चिलाउने खर्क, कास्की**
**योजना सम्भौता मिति : २०७९/१०/११ गते**
**योजना सुरु भएको मिति : २०७९/१०/१२ गते**
**योजना सम्पन्न मितिः २०८०/०१/१५ गते**
**योजनाको कुल लागत : रु. ३३,३१,०५०.२९ ।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु. ३०,००,००० ।–**
**जनसहभागितावाट : रु. ३,३१,०५० ।–**
**उपभोक्ता समिति अध्यक्षः विजय प्रसाद ढकाल**
**सम्पर्क नं.: ९८४९२१७५७**
**सचिवः रमेश भण्डारी, कोषध्यक्षः सिता अधिकारी**

**चिलाउने खर्क लामाखेत सुरौदी सडक निर्माण उपभोक्ता समिति पोखरा–२१, चिलाउने खर्क**

# भगवतीटार आमा समुहको शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख



पोखरा महानगरपालिका वडा नं. १५ द्वारेखबारी स्थित श्री भगवतीटार आमा समुहको आयोजनामा नव वर्ष २०८० को उपलक्ष्यमा मंगलबार शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि तोरण वानियाले कार्यक्रमको उद्घाटन गर्दै आमा समुहले वडाको विकासमा उल्लेखनिय सहयोग गरेका स्मरण गर्दै आगामी दिनहरुमा पनि निरन्तर वडालाई सहयोग गर्न आग्रह गरेका थिए ।

आमा समुहकी अध्यक्ष शशी गुरुङले वडा कार्यालय, संस्थाका सल्लाहकार तथा कार्यसमितिका पदाधिकारी एवम् सदस्यहरुको सहयोगले नै आमा समुह सामाजिक कार्यमा सक्रिय हुन सकेको वताएकी थिईन् । सो अवसरमा गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र प्रहरी निरिक्षक दिपक थापा, निवर्तमान अध्यक्ष प्रकाश पौडेल, शिद्ध माविका प्रअ गुरुदत्त कोइराला, सामुदायिक सेवा केन्द्र कास्की जिल्ला सचिव उत्तम जोशी, नेपाल बुद्धिजिवि परिषद् का केन्द्रिय सदस्य गणेश पाखिन, युनिप्स नेपालका केन्द्रिय अध्यक्ष सन्त बहादुर गुरुङ, न्यायिक समिति सदस्य पार्वती कार्की, राष्ट्रिय भुमिअधिकार मञ्च कास्कीका अध्यक्ष प्रेम बहादुर गुरुङ, राष्ट्रिय भुमिअधिकार तथा श्रमिक संगठन कास्कीका अध्यक्ष टेक बहादुर पुन, मुक्ति समाजका केन्द्रिय सदस्य किसन सेवा परियार, कालिका माविका शिक्षक लेखमाया पुन र गलेश्वर टोलविकास संस्थाका उपाध्यक्ष विष्णु गिरीलगाएतले शुभकामना मन्तव्य राखेका थिए । आमा समुहकी अध्यक्ष शशी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष कान्ती गुरुङ र संचालन कुमारी गुरुङले गरेकी थिइन ।

# नागढुंगा विकास समाजको अध्यक्षमा पुनः सुवेदी

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख




पोखरा ८ स्थित नागढुङ्गा विकास समाजको क्यालेण्डर विमोचन, शुभकामना आदानप्रदान, पुरस्कार वितरण तथा बाह्रौं साधारणसभा तथा पाँचौं अधिवेशन मंगलबार सम्पन्न भएको छ ।

अधिवेशनले वर्तमान अध्यक्ष डम्मरराज सुवेदीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ । अधिवेशनले उपाध्यक्षमा गंगादेवी ढकाल, सचिवमा श्यामबहादुर श्रेष्ठ, कोषाध्यक्षमा रिना थापा, सहसचिवमा केशवराज ढकाललाई निर्वाचित गरेको छ । यसैगरी सदस्यहरुमा गुरुप्रसाद शर्मा, बबिता लामिछाने, मेडिका श्रेष्ठ, सुशिला शर्मा, रचना थकाली र पूर्णमाया जुगजाली सर्वसम्मत निर्वाचित भएका छन् । यसअघि समाजका आजीवन चण्डिप्रसाद अर्याल, सल्लाहकार हेरम्ब शर्मा तथा केशवराज ढकाल सम्मिलित तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । पोखरा महानगरपालिका वडा नं. ८ का अध्यक्ष रुद्रनाथ बरालको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि बरालले नागढुङ्गा विकास समाजको कार्यबाट आफू अत्यन्तै प्रभावित भएको र समाजले गरेका हरेक कामहरु महानगरस्थित संघ संस्थाका लागि अनुकरणीय भएको बताउनुभयो । राजनीतिक आस्थालाई सामाजिक क्षेत्रबाट अलग राखेर समाज सुधारको क्षेत्रमा इमान्दारीपूर्वक लागेकाले यो उपलब्धी सम्भव भएको र समाजका आगामी कार्यक्रममा वडाले यथासक्य सहयोग गर्ने आश्वासन दिँदै क्यालेण्डर विमोचन तथा पुरस्कार वितरण गर्नुभएको थियो । कार्यक्रममा आजीवन सदस्य चण्डीप्रसाद अर्याल, केशवराज ढकाल तथा श्याम बहादुर श्रेष्ठले शुभकामना मन्तव्य राख्नुभएको थियो । उक्त अवसरमा संस्थाबाट प्रकाशित क्यालेण्डरमा आर्थिक सहयोग गर्ने महानुभावहरु तथा उत्कृष्ट कौशी खेती कृषकहरुलाई सम्मान गरिएको थियो । समाजका अध्यक्ष डम्मरराज सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समाजकी सदस्य रिना थापाले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको संचालन सचिव गुरुप्रसाद शर्माले गर्नुभएको थियो । नवनिर्वाचित कार्यसमितिको सपथ पछि बोल्दै अध्यक्ष सुवेदीले समाजसेवाको काम अत्यन्तै कठिन हुने र यसमा सम्पूर्ण सदस्यहरुको साथ र सहयोग रहने विश्वास व्यक्त गर्दै आफूलाई पुनः अध्यक्षमा निर्वाचित गर्नुभएकोमा समाज सम्बद्ध सदस्यहरुलाई धन्यवाद दिनुभएको थियो । साथै वहाँले सिसि क्यामेराको प्रभावकारी संचालन, कौशीखेती प्रवर्द्धन तथा समाज सुधारका लागि दत्तचित्त भएर लाग्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

स्मरणीय छ, २०६८ सालमा स्थापित नागढुङ्गा विकास समाजको कार्यालय पोखरा ८ , नागढुङ्गामा रहेको छ । यस संस्थामा हाल १२५ जना आजीवन सदस्यहरु आवद्ध छन् भने समाजले समाज सुधारका विविध कार्य लगायत सफा, सभ्य र उज्यालो वस्ती निर्माण गर्ने प्रतिवद्धता सहित सडक मर्मत, सडकबत्ती व्यवस्थापन, कौशीखेती प्रवर्द्धन, सरसफाई, समाजको विस्तृत विवरण सहितको दर्पण प्रकाशन तथा टोलवस्तीको शान्ति सुरक्षालाई ध्यानमा राखी २२ वटा सिसि क्यामेरा जडान गरी आफ्नो टोललाई नमुना टोलको रुपमा प्रस्तुत गर्ने जस्ता उदाहरणीय कार्य गरेको छ ।

# एसइइ दिएर बसेकालाई वडा १३ मा निशुल्क तालिम

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख




सिप सिकौ आफुलाई चिनौ र आत्मनिर्भर बनौ भन्ने अभिप्रायका साथ पोखरा महानगरपालिका वडा नम्बर १३ ले एस.इ.इ दिएर बसेका विद्यार्थीहरुलाई निशुल्क सिपमुलक तालिम प्रदान गर्ने भएको छ ।

वडाले विद्यार्थीहरुको रुची र क्षमता अनुसार विभिन्न सिपमुलक तालिम प्रदान गर्न लागेको वडा अध्यक्ष किरण बरालले वताए । विद्यार्थीहरुका लागि निशुल्क वेसिक कम्प्युटर तालिम, व्यक्तिगत क्षमता अभिवृद्धि तालिम, सामाजिक सञ्जाल व्यवस्थापन लगायतका तालिम प्रदान गरिने अध्यक्ष बरालले भने । सिप सिक्न चाहाने एसइइ दिएर बसेका विद्यार्थीहरुलाई बैशाख १५ गतेसम्म फारम भर्न वडा अध्यक्ष बरालले अनुरोध गरे ।

# रेडियो जननीले टिकटक मार्फत कविता प्रतियोगिता गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख




रेडियो जननी ९०.६ मेगाहर्जले आयोजना गरेको टिकटक मार्फत कविता प्रतियोगितामा पोखरा बिरौटाका सुवाश लामिछाने प्रथम भएका छन् ।

पहिलो आवाज उद्यमशिलताको लागि, दोस्रो आवाज स्वतन्त्राको लागि र तेस्रो आवाज समानताको लागि भन्ने मुल उद्घोषका साथ सञ्चालित रेडियोले टिकटक मार्फत आमा विषयमा आयोजना गरेको कविता प्रतियोगितामा लामिछाने प्रथम भएका हुन् । माता तिर्थऔंसीको अवसरमा "मातातिर्थ औंसीको महत्व" विषयको रेडियोमा आयोजित परिचर्चा कार्यक्रममा प्रतियोगिहरुलाई पुरस्कार वितरण गरिईएको हो । प्रतियोगितामा रमेश सार्थक द्धितिय, मनिषा लामिछाने तृतीय र आयान अभिरल घिमिरे सान्त्वना भएका छन् । उनीहरुले क्रमश : १५ हजार, १० हजार, ५ हजार र ३ हजार नगद पुरस्कार प्राप्त गरेका छन् । विजयी प्रतियोगिहरुलाई कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपती सुर्य खड्का विखर्चीले पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभएको थियो । कार्यक्रममा बोल्दै विखर्चीले महिलाहरुलाई कहिजे भेदभाव नगरी अगाडी बढ्न प्रेरणा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रमका विशेष अतिथि पोखरा प्रतिष्ठानका कुलपती पद्मराज ढकालले आमाको महत्वको विषयमा भनाई राख्नुभएको थियो । कार्यक्रममा रेडियोका अध्यक्षहिरा भट्टराईले आमालाई स्वर्गारोहण भएपछि भन्दा जिवित हुदै सम्मान व्यक्त गर्नुपर्नेमा जोड दिनुभयो । भट्टराईले आमाको सम्मानमा रेडियोले स्थापना गरेको आमा अक्षयकोषमा सहयोगी मनहरुवाट सहयोग आउने क्रम जारी रहेकोले सहयोग गर्ने मनहरुलाई धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा साहित्यकारहरु सरस्वती श्रेष्ठ ( सरु ), गौरी तमु र असफल गौतमले निर्णायको भूमिका निर्वाह गर्नुभएको थियो । प्रतियोगिताको पुरस्कार माल्टावाट विष्णु रानामगर, कुन्ती मल पोखरा र इन्फोम्याटिक्स इन्टीच्युटका प्रवन्ध निर्देशक प्रदिप थापाले प्रायोजन गरेका थिए ।

कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ, कोपिला नेपालका कार्यकारी निर्देशक विना सिलवाल, मुक्तक मञ्च पोखराका अध्यक्ष विवेक भण्डारी लगायतले बोल्नुभएको थियो । कार्यक्रममा रेडियोका सल्लाहकार दुर्गा शाह बाबाको पनि सहभागिता रहेको थियो ।

कार्यक्रममा रेडियोका अध्यक्ष हिरा भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन रेडियो कार्यक्रम संयोजक सबु पाठकले गर्नुभएको थियो ।

# जानकी माविको शैक्षिक कार्यपात्रो लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख

जानकी माध्यमिक विद्यालय पोखरा १७ महतगौडाको शैक्षिक कार्यपात्रो लोकार्पण गरिएको छ । विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने लक्ष्यका साथ एक बर्षे कार्यपत्रो प्रकाशन गरिएको हो ।

पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले कार्यपत्रोको लोकार्पण गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न पात्रो कोशेढुङ्गा सावित हुने वताउनुभयो । राज्यको ठूलो लगानी भएको शिक्षा क्षेत्रले अपेक्षा अनुसारको परिणाम दिन नसकेकोको बताउँदै उहाँले प्रकाशित पात्रोमा गरिएका प्रतिवद्धता पुरा गर्न सवैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख सोमनाथ भण्डारीले सामुदायिक विद्यालयको शैक्षिक सुधार गर्दै विद्यार्थीको आकर्षण बढाउन यातायातका साधन खरिद र दिवाखाजामा महानगरले समय सापेक्षित सहयोग गर्ने जानकारी दिनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानाध्यापक अर्जुन कडेल, वन विज्ञान संयोजक शंकरराज भण्डारी, प्रेमबहादुर थापा, शिक्षक तुलसी गिरी लगायतले शिक्षाको महत्व र शैक्षिक सुधारका बारेमा चर्चा गर्नुभएको थियो ।

# ढोरपाटनमा नि:शुल्क स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, ५ बैशाख

ढोरपाटनमा सञ्चालन गरिएको नि:शुल्क स्वास्थ्य शिविरबाट यहाँका चार सयभन्दा बढी स्थानीय लाभान्वित भएका छन् । ढोरपाटन नगरपालिका वडा नं ९ का नागरिकलाई लक्षित गरी वडाको आयोजना र दुर्गम स्वास्थ्य सेवा केन्द्र पोखराको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको थियो । ढोरपाटन-९ का अध्यक्ष खिमबहादुर घर्ती मगरले नागरिकको सहज स्वास्थ्य सेवाका लागि स्वास्थ्य शिविर सञ्चालन गरेको बताउनुभयो । एक दिने स्वास्थ्य शिविरमा दीर्घरोगीदेखि विभिन्न किसिमका रोगको उपचार गरिएको थियो । उहाँले पहिलो पटक सञ्चालन गरिएको स्वास्थ्य शिविरमा सबै प्रकारको रोगीलाई लक्षित गरी सेवा उपलब्ध गराइएको बताउनुभयो । शिविरमा मुटु रोग, तन्द रोग, स्त्री रोग लगायतका रोगको परीक्षण र उपचार गरिएको अध्यक्ष घर्ती मगरको भनाइ छ । "यसपटक वडा कार्यालयको अगुवाइमा विदेशी डाक्टरसहितको टोलीले सेवा प्रदान भएको छ", उहाँले भन्नुभयो । शिविरमा डाक्टर अमृत पोखरेल, डाक्टर सरमशिखा भट्टराईलगायत, अमेरिका र बेलायतबाट आएका डाक्टरको टोलीले सेवा दिएको थियो ।


## कम्पनीको नाम परिवर्तनको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/१/६)

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको मिति २०७९/१२/२९ को निर्णयानुसार अन्नपूर्ण हाट बजार प्रा.लि. को नाममा रहेको सम्पूर्ण चलअचल श्रीसम्पत्ति तथा तिर्नु व्होर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्होर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी अन्नपूर्ण फार्मर्स मार्ट प्रा.लि. कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।


# बागलुङमा भर्नासँगै विद्यार्थीको हातमा पाठ्यपुस्तक

पोखरापत्र संवाददाता
बागलुङ, ५ बैशाख

बागलुङमा शैक्षिक सत्र २०८० सुरु हुनुभन्दा अगावै सबै विद्यालयमा पाठ्यपुस्तक पुगेका छन् । चैत अन्तिम साताबाट बागलुङमा पाठ्यपुस्तक आउन थालेपछि सहज भएको थियो ।

जिल्लाका सबै विद्यालयमा पाठ्यपुस्तक पुगेपछि विद्यार्थीलाई वितरण गर्न थालिएको छ । जिल्लाका पाँच सय १४ सामुदायिक विद्यालयमै नयाँ पाठ्यक्रम अनुसारको पुस्तक पुऱ्याइएको शिक्षा विकास तथा समन्वय एकाइ बागलुङले जनाएको छ ।

विगतका वर्षमा भर्ना अभियान सकिँदासम्म विद्यार्थीको हातमा पुस्तक पुग्न नसकेकामा यसपटक शैक्षिक सत्र सुरु हुनु अगावै जिल्लामा आवश्यक पर्ने पाठ्यपुस्तक आइपुगेपछि वितरण थालिएको हो । पाठ्यपुस्तक पर्याप्त नहुँदा विगतका वर्षमा समस्या भएपछि यस वर्ष समयमै जनक शिक्षा सामग्रीले पाठ्यपुस्तक जिल्ला-जिल्लामा पठाएको हो । वैशाख १५ गतेसम्म जिल्लाका सामुदायिक विद्यालयमा भर्ना अभियान सञ्चालन गरिएको छ । भर्ना हुन आएका विद्यार्थीको हात-हातमा पाठ्यपुस्तक दिन थालिएको बागलुङ जिल्ला सदरमुकामस्थित रुद्रेपीपल माविका प्रधानाध्यापक राजेश श्रेष्ठले जानकारी दिनुभयो ।

समयमै पुस्तक आउँदा भर्ना अभियानसमेत प्रभावकारी बन्दै आएको छ । "वैशाख १५ गतेसम्म भर्ना अभियान हो, भर्ना हुन आएका विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिरहेका छौं", श्रेष्ठले भन्नुभयो, "हाम्रो सामुदायिक विद्यालयमा विद्यार्थीको अत्यधिक चाप छ, निजी विद्यालय छोडेर यहाँ भर्ना हुन आउने क्रम जारी छ, समयमै पाठ्पुस्तक आएपछि निकै सहज भयो यसपटक ।" जिल्ला सदरमुकाम मात्र नभएर जिल्लाको दुर्गम मानिने बडिगाड, निसीखोला तमानखोला, ताराखोला बरेङ गाउँपालिका र ढोरपाटन नगरपालिकाका विद्यालयमै पाठ्यपुस्तक पुगिसकेको शिक्षा विकास तथा समन्वय एकाइ बागलुङका प्रमुख कुश्मराज उपाध्यायले जानकारी दिनुभयो ।

"जिल्लाका सबै विद्यालयमा पाठ्यपुस्तक पुगेका छन्, केही विद्यालयले वितरण थलिसक्नुभयो भने केही विद्यालयमा बाँकी छ, हामीले भर्नासँगै पाठ्यपुस्तक वितरण गर्न भनेका छौं", उपाध्यायले भन्नुभयो, "जिल्लाको कक्षा १-१० मा अध्ययनरत विद्यार्थी लक्षित गरेर भर्नाअगावै आवश्यक पुस्तकहरू सबै विद्यालयमा पुग्दा सहज भएको छ।" बागलुङ जिल्लाका पुस्तक बिक्रेताहरूको समन्वयमा पालिकाको केन्द्रसम्मै पुस्तक पुऱ्याएपछि विद्यालयले पाठ्यपुस्तक वितरण गर्न थालेका हुन् । जिल्लाको विद्यामन्दिर माविमा आवश्यक पाठ्यपुस्तक आएर वितरण गर्ने तयारीमा रहेको विद्यालयले जनाएको छ । यसपटक पुस्तक समयमै उपलब्ध हुँदा भर्ना अभियानसमेत प्रभावकारी हुने एकाइ प्रमुख उपाध्यायले बताउनुभयो। जिल्ला भित्रिएको पाठ्यपुस्तकहरू दुर्गमका सामुदायिक विद्यालयमा समेत पुगिसकेका छन् । १० पालिका रहेको बागलुङमा पाँच सय १४ सामुदायिक विद्यालयमा ६३ हजार विद्यार्थी रहेका छन् ।